क्षेत्रीय समाचार एकांश

आकाशवाणी खरसाङ

मितिः २८ मई, २०१७

समयः १८:५० – १९:०० बजे

प्रादेशिक समाचार – नेपाली, आकाशवाणी खरसाङ

प्रमुख समाचार

१. प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ यसपल्ट विश्व पर्यावरण दिवसमा केन्द्र औ राजय सरकारहरूको तर्फबाट फोहोर प्रबन्धनको व्यापक अभियान शुरू गरिनेछ।

२. केन्द्रिय माध्यमिक शिक्षा बोँड ले १२ औं श्रेणीको परीक्षाका सबै परिणाम आज घोषित गरयो।

३. देशभरि रमजानको पवित्र महिना आजदेखि शुरू भएको छ।

४. पश्चिम बंगाल पुलिसले आज बीरभूम जिल्लाको नानूरमा एउटा बाँसको झाड़ीमा दुइवटा पीपामा भरेर राखेको देशी बम बरामद गरेको छ।

मनकी-बात

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ यसपल्ट विश्व पर्यावरण दिवसमा केन्द्र औ राजय सरकारहरूको तर्फबाट फोहोर प्रबन्धनको व्यापक अभियान शुरू गरिनेछ। आकाशवाणीबाट मनकी बात कार्यक्रममा उहाँले भन्नुभयो कि पाँच जूनमा विश्व पर्यावरण दिवसको अवसरमा देदशका लागभग ४ हजार नगरहरूमा दुइ प्रकारको फोहोर राख्ने ढ़वाङ उपलब्ध हुनेछ। श्री मोदीले भन्नुभयो कि फोहोर मैलालाई सम्पति औ संसाधन मानिलिए यसको प्रबन्धसित जोड़िएको नयाँ तकनीक अघि आउनेछ। उाहँले भन्नुभयो कि यसपल्ट विश्व र्प्यावरण दिवसको निम्ति संयुक्त राष्ट्र संघले प्रकृतिसित जोड़िने विषय दिएको छ। श्री मोदीले भन्नुभयो कि प्रकृतिसित जोड़िने विषय दिएको छ। श्री मोदीले भन्नुभयो कि प्रकृतिसित जोड़िने वैश्विक अभियान मानिसहरूको व्याक्ति अभियान बन्नु पर्छ। उहाँले विश्वास व्यक्त गर्नुभयो कि स्वच्छताको संस्कृतिबाट गांधीको सपनाको भारत साकार हुनेछ। प्रधानमंत्रीले जम्मू काश्मीरको रियासी प्रखण्ड खुल्ल शौचबाट मुक्तभएकोमा प्रसन्नता व्यक्त गर्नुभयो अनि यसलाई एउटा श्रेष्ठ उदाहरण बताउनुभयो। उहाँले प्रखण्डका कर्मचारीवर्ग अनि मानिसहरूलाई बधाई दिनुभयो अनि यस अभियानमा भाग लिने महिलाहरूको सराहना गर्नुभयो। अन्तराष्ट्रिय योग दिवसको चर्चा गर्दै प्रधानमंत्रीले भन्नुभयो कि जुन समय संसारमा विखण्डवादी शक्तिहरूले आफ्नो विकृत रूप देखाइरहेका छन् भारतको सबैभन्दा ठूलो देन योगले पूरै विश्वलाई एक सूत्रमा जोड़िरहेको छ। मनकी बातको एक श्रोताको सुझावको चर्चा गर्दै श्री मोदीले भन्नुभयो कि यसपल्ट २१ जूनमा अन्तराष्ट्रिय योग दिवसमा तीन पिढ़ीले एकसाथ योग गरून् अनि यसको तस्वीर नरेन्द्र मोदी एम र माई जी.ओ.भी मा पठाउन्। आज वीर सावरकरको जयन्तीको अवसरमा श्री मोदीले भन्नुभयो कि उहाँलाई यस कुराको प्रसन्नता छ कि नयाँ पिढ़ीले देशको इतिहास र स्वतन्त्रता संग्राम सेनानीहरूको बलिदानको बारेमा जान्न रूचि लिइरहेका छन्। प्रधानमंत्रीले दृढ़ विश्वास व्यक्त गर्नुभयो कि लोकतन्त्रमा सरकाारहरू जवाबदेही हुनपर्छ अनि मानिसहरूलाई आफ्नो कामको हिसाब दिनुपर्छ। उहाँले भन्नुभयो कि उहाँको सरकारको तीन वर्षको कामकाजको लेखाजोखा गत १५ दिनदेखि संचार माध्यममा चलिरहेको छ। उाहँले अझ भन्नुभयो कि सकरात्मक आलोचनाबाट लोकतन्त्र बलियो हुदँछ।

****** ० ******

<u>सीबीएसई- रिजल्ट</u>

केन्द्रिय माध्यमिक शिक्षा बोंड ले १२ औं श्रेणीको परीक्षाका सबै परिणाम आज घोषित गरयो। सीबीएसई को परिणाममा यसपल्ट पनि युवतीहरूले बाजी मारेका छनू। नोएडाकी रक्षा गोपालले देशमा पहिलो स्थान प्राप्त गर्नु भएको छ। उहाँले जम्मा ९९.६ प्रतिशत अंक प्राप्त गर्नुभयो। चण्डीगढ़की छात्रा भूमि सावन्त ९९ .४ प्रतिशत अंक प्राप्त गरेर दोस्रो तथा ९९.२ प्रतिशत अंकसित आदित्य जैन तेस्रो स्थानमा रहनुभयो। रक्षाले अंग्रेजी, राजनीति शास्त्र तथा अर्थशास्त्रमा तथा अर्थशास्त्रमा सय प्रतिशत अंक हासिल गर्नुभएको छ। मानव संसाधन विकास मंत्री प्रकाश जावड़ेकरले शीर्ष स्थान हासिल गर्ने विधार्थीहरूलाई बधाई दिनु भएको छ। घोषित परिणाम अनुसार यसपल्ट कुल ८२ प्रतिशत विधार्थीहरूलाई उर्तीण घोषित गरियो जो गत वर्षको तुलनामा एक प्रतिशत कम हो। गत वर्षको तुलनामा यसपल्ट ९५ प्रतिशतभन्दा अधिक अंक प्राप्त गर्ने विधार्थीको संख्या बढ़ेको छ। यसपल्ट १२ औं श्रेणीको परीक्षामा १० हजार ९१ विधार्थीले ९५ भन्दा अधिक अंक प्राप्त गरेका छन् जबकि गत वर्ष यो आँकड़ा ६ हजार ३ सय ५१ थियो।

****** ० ******

<u>बुक रिलीज</u>

जपलपाईगुड़ी जिल्लाको बाग्राकोटमा बसुन्धरा ग्रामीण पुस्तकालयको तत्वाधनमा , सीनीय समाजसेवी स्वर्गीय शिव कुमार प्रधान स्मृतिमा तैयार गरिएको पुस्तक “शिव कुमार प्रधान स्मृति ग्रन्थ ” लोकार्पण समारोह सम्पन्न भयो। लोकार्पण कार्यक्रमको अध्यक्षता श्री सुखमान मोक्तानले गर्नुभयो भने मुख्य अतिथिको रूपमा वरिष्ठ साहित्यकार एवंलेखक श्री असित राई अनि विशिष्ठ अतिथिको रूपामा सर्वश्री प्रदिप गुरूङ, पारस चन्द्र आले एवं वेगग वसन्त थापाको उपस्थिति रहेको थियो। यस अवसरमा वक्ताहरूले स्वर्गीय शिव कुमार प्रधानको सामाजिक , साहित्यिक अनि विभिन्न संगठनहरूको उत्थानका निम्ति गर्नु भएको कार्य कलापहरू माथि प्रकाश पारे। स्वर्गीय शिवकुमार प्रधान क्षेत्रको नेवार संगठनमा अध्यक्षको पदमा कार्य गर्नु भएको वक्ताहरूले अवगत गराए। कार्यक्रममा दार्जीलिङ पाहाड़का विभिन्न भेग, सिलगड़ी, जयगावबाट आएका साहित्यकार, कवि एवं भाषा एवं साहितय प्रेमीहरूको उपस्थिति रहेको थियो। यस अवसरमा कवि गोष्ठीको पनि आयोजन गरिएको थियो।

****** ० ******

ई.भी.एम

निर्वाचन आयोगले भनेको छ कि केवल दुई राजनैतिक दलहरू राष्ट्रवादी कंग्रेस पार्टी अनि मार्क्सवादी कम्युनिष्ट पार्टीले तीन जुनको दिन आयोगद्वारा आयोजित ईभीएम हेकिंङ चुनौतीमा भाग लिन माथि सहमति व्यक्त गरेको छ। आयोगले हिज घोषणा गरेको छ कि आठ दलहरूमा केवल शरद पवारको एनसीपी अनि सीपीआईएम ले नै ईभीएम हैंक गर्ने चुनैतीलाई स्वीकार गरेको छ। आम आदमी पार्टी अनि बहुजन समाज पार्टी जस्ता राजनैतिक दलहरूले चुनौती स्वीकार गरेका छैनन्।

****** ० ******

<u>रमजान</u>

देशभरि रमजानको पवित्र महिना आजदेखि शुरू भएको छ। यस महिना दिनभरि रोजा राखिन्छ अनि विशेष नमाज अदा गरिन्छ।रमजान इस्लामी पंचागको नवौं महिना हो अनि यसको समाप्तिमा इदको पर्व मनाइन्छ।प्रधानमंत्री नरेन्द्र मोदीले रमजान शुरू भएको अवसरमा मुबारकबाद दिनु भएको छ। री मोदीले आज रमजानको मुबारकवाद दिंदै भन्नुभयो कि उहाँले कामना गर्नुहुन्छ कि यस पवित्र महिनाले विश्वभरी आपसी भातृत्व , शान्ति अनि सौहार्द बढ़ाओस।

****** ० ******

<u>बम्ब रिकभड</u>

पश्चिम बंगाल पुलिसले आज बीरभूम जिल्लाको नानूरमा एउटा बाँसको झाड़ीमा दुइवटा पीपामा भरेर राखेको देशी बम बरामद गरेको छ। पुलिसले बताए कि दैनिक मजदुरहरूद्वारा जमीन खन्दा बाँसको झाडीमा देशी बम बरामद गरियो अनि यस क्षेत्रलाई पुलिसकर्मीहरूद्वारा बम निरोधन दल आउने समयसम्मको निम्ति घेरिएको छ। पुलिसले अझ बताए कि दुवै पीपाबाट १५० देखि २०० देशी बम बरामद गरिएको छ। हालैमा पनि यस्तै दुइवटा पीपामा २०० वटा देशी बम बरामद गरिएको थियो। पुलिसले बताए अनुसार हालैका दिनहरूमा यस क्षेत्रबाट भारी संख्यामा देशी बम बरामद गरिएको छं पुलिसले यसै सप्ताह नानूर प्रखण्डको चाँदीपुरमा एउटा तलावको किनारामा अनि एउटा कुक्कुट फार्मको नजिक प्लास्टिक थैलीहरूमा ७० वटा बम बरामद गरेको थियो।

****** ० ******

<u>गोल्डन एयर</u>

खरसाङ महकुमा अन्तर्गत अम्बटे अप्पर सिरिसे ग्राम सुधार समितिले आफ्नो स्थापनाको स्वर्ण जयन्ती समारोह भव्य रूपमा पालन गरयो। ।कार्यक्रममा क्षेत्रका सभासद श्री प्रणय थापा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। यस अवसरमा खरसाङका विधायक डाक्टर रोहित शर्मा सममाजसेवी श्री टी.टी लामा लगायत अन्य विशिष्ट व्यक्तिहरू उपस्थित थिए। समारोको प्रारम्भ धूप द्वीप प्रजवलन एवं समितिका दिवंगत सदस्यहरूको स्मरणमा एक मिनटको मौन पालन गरियो। समारोह अन्तर्गत समितिका दिवंगत संस्थापक सदस्यहरूको निम्ति तैयार गरिएको श्रदाजंली स्मृति पत्रको पठन र प्रकाशित पनि गरियो। अम्बटे सिरिसे क्षेत्रका कतिपय क्षेत्रमा विशेष गरी शिक्षाको क्षेत्रमा शिक्षाप्राप्त गरी आफ्नो कर्मक्षेत्रमा लागेका वर्गलाई साथै गायन कला सम्बद्ध कलाकारहरूलाई सम्मानित गरियो।यस अवसरामा श्री मणि नारायण प्रधानद्वारा सम्वादित ऩ हाम्रो अम्बटे” नामक पुस्तकको विमोचन मुख्य एवं विशिष्ट अतिथिहरूको बाहुलीबाट सम्पन्न गरियो। कार्यक्रमको अवधिमा स्थानीय सभासद श्री प्रणय थापाले समितिको कार्यकलापहरूको सराहना गर्नुहुँदै समितिको विकासको निम्ति व्यक्तिगत रूपमा दश हजार रूपियाँको सहयोग राशि प्रदान गर्नुभयो। सिरिसे निवासी शारीरिक रूपले असक्षम वधार्थी अश्वीन दर्जीलाई अम्बटे चिया बगानका निदेशक श्री अनिल बन्सलले अश्विनको शिक्षालाई जारी राख्न आर्थिक सहायता प्रदान गर्नुभयो। यस अवसरमा इलाकाका साहित्य क्षेत्रसित सम्बन्ध श्रदाहरूलाई पनि सर्म्वधना जनाइयो। समितिको स्वर्ण जयन्तीको अवसरमा सिरिसे अम्बटे क्षेत्रका कलाकारहरूले रंगारंग सांस्कृतिक कार्यक्रम पेश गरे।

****** ० ******

<u>हाउजिङ</u>

सरकारले २०१६ सम्म ग्रामीण क्षेत्रहरूमा एक करोड़ आवास बनाउने लक्ष्य राखेको छ। नयाँ दिल्लीमा ग्रामीण विकास राज्य मंत्री एम. कृपाल यादवले मंत्रालयको तीन वर्षको उपलब्धिहरू माथि भन्नुभयो कि पारदर्शिता ल्याउन अनि कर्मीहरूलाई हटाउनको लागि प्रधान मंत्री आवास योजना अन्तर्गत शति-प्रतिशत प्रत्यक्ष लाभ अंतरण सुनिश्चित गरिनेछ।

****** ० ******

## क्रुएल्टी एनिमल

केन्द्रले पशु क्रुरता निषेध अधिनियम अन्तर्गत पशुहरूको बारेमा क्रुरता निरोधक कड़ा नियमावली २०१७ अधिसुचित गरिदिएको छ। यसदेखि पशु वधको प्रयोग हुने षशुहरूको बजारमा किन-बंचमाथि प्रतिबन्ध लागेको छ। केरल सहित सबै राज्यहरूमा यो प्रतिबन्ध लगाइएको छ।

************

****** ० ******

****** ० ******